कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ७ मितिः २०७९/०५/०२

**भाग-२**

**कालिका गाउँपालिका**

## वागमती प्रदेश सरकारले स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०७९ बमोजिमको सूचना प्रकाशन गरेको

नेपालको संविधानको धारा २०२ अनुसार स्थानीय तहबाट गरिने सेवा प्रवाहको लागि आवश्यक कर्मचारी व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तत्काल स्थानीय सेवाको गठन तथा सञ्चालनको व्यवस्था गर्न बागमति प्रदेश सरकारबाट अध्यादेश मार्फत स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७८ जारी भई मिति २०७८/१२/२४ मा प्रदेश राजपत्र खण्ड ५) अतिरिक्ताङ्क २८ मा भाग १ मा प्रकाशित भएको छ।

उक्त अध्यादेशको परिच्छेद-३,दफा ९ को उपदफा १ ग मा छैटौं तहमा तह वृद्धिबाटमात्र पदपूर्ति हुनेछ भन्ने उल्लेख छ।सोही दफाको उपदफा ११,दफा २९ को उपदफा १ एवं दफा ३१ को उपदफा २ मा समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको समायोजन हुनुपूर्वको सम्बन्धित पदको सेवा अवधि समेत स्तरवृद्धि/बढुवा प्रयोजनको लागि गणना गरिने व्यवस्था रहेको छ।सोही अध्यादेशको दफा ३० को उपदफा १ मा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका,पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका एवं पाँचौं तहबाट छैटौं तहमा तहवृद्धि हुनका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण हुनुपर्ने एवं सोही दफाको उपदफा २ मा तह वृद्धि गर्दा प्रत्येक वर्षको साउन एक गते र माघको एक गतेदेखि लागु हुने गरी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। अध्यादेशमा भएको उल्लेखित व्यवस्थाको आधारमा यस कार्यालयमा सहायकस्तर पाँचौं तहमा स्थायी कर्मचारीको रुपमा कार्यरत ५ बर्ष सेवा अवधि पूरा भएका,आवश्यक शैक्षिक योग्यता भएका एवं पाँच वर्षको का.स.मू.मा ९५% भन्दा माथि अंक प्राप्त गरेका देहायका कर्मचारीलाई अधिकृतस्तर छैटौं तहमा तहवृद्धि गरी अनुसूचि ३ बमोजिमको पदनाम दिनुपर्ने देखिएको छ।

अध्यादेश दफा १७ को उपदफा १ बमोजिम स्थानीय तहका छैटौं तहका पदहरुमा नियुक्ती र पदस्थापना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई भएको सन्दर्भमा अधिकृतस्तर छैटौं तहमा स्तरवृद्धि हुने कर्मचारीहरुलाई स्तरवृद्धि गर्ने अधिकार समेत स्वतःप्रमुख प्रशासकीय अधिकृतमा निहित रहने देखिएकाले देहायका कर्मचारीलाई मिति२०७९/०४/०१ गतेदेखि लागू हुने गरी स्तरवृद्धि गरी देहाय अनुसार पदनाम कायम गर्न निर्णय भएको सूचना प्रकाशित गरिएको छ।

| **क्र.स.** | **कर्मचारीको नाम** | **हालको तहमा नियुक्ती मिति** | **सेवा अवधि** | **तह वृद्धि गर्ने तह/पद** | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | **तह** | **पद** | |
| १. | श्री मीननाथ पौडेल | २०७०/११/०१ | ८ वर्ष ५ महिना पूरा | छैटौं | अधिकृत | |
| २. | श्री गोविन्द प्रसाद आचार्य | २०७०/११/०५ | ८ वर्ष ५ महिना पूरा | छैटौं | अधिकृत | |

आज्ञाले,
कृष्ण बहादुर के.सी.कुँवर
प्रमुख प्रशासकीय अधिकृत